संघीय संसद
प्रतिनिधि सभा
एघारौं अधिवेशन
बैठक संख्या - १३

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल जेठ १९ गते बिहीबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा बिहान ११:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय सभामुखले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो ।

माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री महिन्द्र राय यादव भारतको नयाँ दिल्ली तथा उडिसा भुवनेश्वरमा आयोजना हुने **High Level Nepal Study Mission to India on Right to Food and Food Sovereignty Act** कार्यक्रममा सहभागी हुन २०७९/२/१८ गते त्यसतर्फ प्रस्थान गर्नुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनु भएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री रेनु कुमारी यादवले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

मिति : २०७९/२/१७

(शंकरदास वैरागी)
मुख्य सचिव

तत्पश्चात आ.व. २०७९/०८० को राजश्व र व्ययको वार्षिक अनुमानमाथिको जारी सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री प्रदिप कुमार ज्ञवाली
२. मा० श्री गगन कुमार थापा
३. मा० श्री गिरिराजमणि पोखरेल
४. मा० श्री जीवनराम श्रेष्ठ
५. मा० श्री सूर्य नारायण यादव
६. मा० श्री एकवाल मियाँ
७. मा० श्री प्रेम सुवाल
८. मा० श्री खगराज अधिकारी
९. मा० श्री सिता देवी यादव
१०. मा० श्री पूर्ण कुमारी सुवेदी
११. मा० श्री सरला कुमारी यादव
१२. मा० श्री लक्ष्मण लाल कर्ण
१३. मा० श्री मोहम्मद ईस्तियाक राई
१४. मा० डा० शिवमाया तुम्वाहाङफे
१५. मा० श्री दिव्यमणि राजभण्डारी
१६. मा० श्री दिल कुमारी
१७. मा० श्री कलिला खातुन
१८. मा० श्री पद्मा कुमारी अर्याल
१९. मा० श्री जिप छिरिङ लामा
२०. मा० श्री ईन्दु कुमारी शर्मा
२१. मा० श्री विना देवी बुढाथोकी
२२. मा० श्री गोकुल प्रसाद बाँस्कोटा
२३. मा० श्री पुष्पा भुसाल (गौतम)
२४. मा० श्री दुर्गा कुमारी विश्वकर्मा
२५. मा० श्री वसन्त कुमार नेम्वाङ्ग
२६. मा० श्री महेन्द्र कुमारी लिम्बु
२७. मा० श्री निरु देवी पाल
२८. मा० श्री हिरा गुरुङ्ग
२९. मा० श्री राधा कुमारी ज्ञवाली
३०. मा० श्री बिमला नेपाली
३१. मा० श्री दामोदर भण्डारी
३२. मा० श्री प्रमिला राई
३३. मा० श्री नारदमुनी राना
३४. मा० श्री पार्वता डि.सी. चौधरी
३५. मा० श्री वृजेश कुमार गुप्त
३६. मा० श्री सुजाता परियार
३७. मा० श्री नविना लामा
३८. मा० श्री नवराज रावत
३९. मा० श्री गंगा चौधरी (सत्गौवा)
४०. मा० श्री राज बहादुर बुढा
४१. मा० श्री जगत बहादुर विश्वकर्मा
४२. मा० श्री विन्दा पाण्डे
४३. मा० श्री रेखा कुमारी
४४. मा० श्री शान्तिमाया तामाङ पाख्रिन
४५. मा० श्री शान्ता चौधरी
४६. मा० श्री आशा कुमारी वि.क.
४७. मा० श्री भिम बहादुर रावल

त्यसपछि सम्माननीय सभामुखले आ.व. २०७९/०८० को राजश्व र व्ययको वार्षिक अनुमानमाथिको छलफलमा मा० सदस्यहरुले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनु हुँदै आ.व. २०७९/०८० को राजश्व र व्ययको वार्षिक अनुमानमाथिको सामान्य छलफलमा उठेका प्रश्नको उत्तर मा० अर्थमन्त्रीले दिनको लागि २०७९ साल जेठ २० गतेको दिन थप गरेको व्यहोरा समेत जानकारी गराउनु भयो ।

तदुपरान्त सम्माननीय सभामुखले संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०७५ को नियम २५ को उपनियम (२) बमोजिम गठित संसदीय सुनुवाई समितिमा प्रतिनिधि सभातर्फका मा० सदस्य श्री प्रेम सुवाल र मा० सदस्य श्री रामबाबु कुमार यादवको नाम थप गरी हेरफेर गर्न सभाको सहमतिको लागि प्रस्ताव गर्नुहुँदा सभाले सहमति जनायो ।

तत्पश्चात सम्माननीय सभामुखले संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०७५ को नियम २७ को उपनियम (२) बमोजिम गठित राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समितिमा प्रतिनिधि सभातर्फका मा० सदस्य श्री लिला देवी सिटौलाको नाम थप गरी हेरफेर गर्न सभाको सहमतिको लागि प्रस्ताव गर्नुहुँदा सभाले सहमति जनायो ।

त्यसपछि सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७२ बमोजिम गठित प्रतिनिधि सभा अन्तर्गतको विभिन्न समितिहरुमा निम्नलिखित मा० सदस्यहरुको नाम थप तथा हेरफेर गर्न सभाको सहमतिको लागि प्रस्ताव गर्नुहुँदा सभाले सहमति जनायो ।

| क्र.सं. | मा० सदस्यको नाम | सम्बन्धित समिति |
|---|---|---|
| १. | मा० श्री बिमला वि.क. | कानून, न्याय तथा मानव अधिकार समिति |
| २. | मा० श्री विमला विश्वकर्मा | कानून, न्याय तथा मानव अधिकार समितिबाट महिला तथा सामाजिक समितिमा |

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०७९ साल जेठ २० गते शुक्रबार बिहान ११:०० बजे बस्नेगरी आजको बैठक अपरान्ह ६:२५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव